# बालबालिका र किशोरकिशोरी विकास गुरु योजना

२०८३/२०८४ देखि २०८७/२०८८

नौमुले गाउँपालिका, दैलेख

कर्णाली प्रदेश

## कार्यकारी सारांश

नेपालको संविधानले देशमा तीन तहको सरकार संघ, प्रदेश र स्थानीय तहको व्यवस्था गरेको छ । सोही बमोजिम तीनै वटा सरकार क्रियाशिल रहेको छ र संविधानको अनुसूची संघ, प्रदेश र स्थानीय तहको संयुक्त र अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूचीको व्यवस्था गरेको छ । यसै गरी संविधानको भाग १७ मा स्थानीय कार्यपालिका भाग १८ मा स्थानीय व्यवस्थापिकाको व्यवस्था गरेको छ । नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धि व्यवस्था कार्यान्वियन गर्न तथा संघ प्रदेश र स्थानीय तहबीच सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई कार्यान्वयन तथा स्थानीय स्तरमा जनसहभागिता, पारदर्शिता गुणस्तरीय कार्य सहज होस भन्ने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ निर्माण भई कार्यान्वयनमा आएको छ । जसमा व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका सहितको स्वायत्त सरकारको रुपमा अधिकार प्रत्यायोजन गरेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६(२४,१) मा योजना तयार गर्ने नीतिगत व्यवस्था रहेको छ । गाउँपालिकाको क्षेत्र अधिकारको विषयमा आवद्यधिक, वार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने, यसरी योजना बनाउदा संघ र प्रदेश सरकारको लक्ष्य नीति उद्धेश्यसंग तादाम्यता कायम गर्नेपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन लैङ्गिक समानता तथा समावेशीकरण, विपद व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो छरितो र उच्च प्रतिफल दिने, रोजगारीमूलक दीगो एवं सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिन स्थानीय तहले मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजना सूची (Project Bank) तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरुको अधिकतम सहभागीता सुनिश्चित गर्ने जस्ता क्षेत्रमा नीतिगत व्यवस्था रहेको छ ।

नेपालको संविधानको धारा ३८ मा महिलाको हक अर्न्तगत उपधारा (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि हक हुने व्यवस्था गरेका छ, (३) मा महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिका, यौनजन्य वा कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पिडितलाई कानून दण्डनीय हुनेछ र पिडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ, (५)मा महिलालाई शिक्षा, स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ ।

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अर्न्तगत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वाथ्य, पालनपोषण, उपचार, स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यत्तित्व विकासको हक, (५) मा कुनै पनि बालबालिकालाई बाल विवाह, गैर कानुनी ओसारपसार र अपरहरण गर्न वा बन्धक राख्न पाईने छैन भने व्यवस्था गरिएको छ । यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारा (२) मा दलित विद्याथीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गराउने छ साथै

प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलित बालबालिकाको कानुन बमोजिम व्यवस्था गराउने भन्ने व्यवस्था गरेको छ ।

नेपाल नोभेम्बर २०२६ मा अतिकम विकसित देशको स्थितिबाट स्तरन्नोत गर्ने योजना रहेको छ । समृद्ध नेपाल सुखी नेपालीको आकांक्षा पुरा गर्न सोह्रौं पञ्चवर्षीय योजनामा सम्मुनत स्वाधिन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुकको दीर्घकालीन सोच परिकल्पना गरेको छ । दिगो विकास लक्ष्य २०३० सम्म प्राप्त गर्ने भनी १७ वटा दिगो विकास लक्ष्य तय गरेको छ र ती सबै लक्ष्य प्राप्त गर्न नेपाल सरकारले विभिन्न योजना रणनीति, कार्यक्रम बजेट तथा लक्ष्य निर्धारण गर्नुपर्दछ । यो गुरुयोजनाले दिगो विकासको लक्ष्य नं. ४ सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षा, लक्ष्य नं. ५ लैङ्गिक समता अर्न्तगतका लक्ष्य र नतिजा प्राप्त नौमुले गाउँपालिकाको लक्ष्य प्राप्तिमा सहजीकरण तथा दिशा निर्देश गर्ने छ ।

उल्लेखित सन्दर्भमा पालिकाले सबै लक्ष्य, उद्देश्य र नतिजा हासिल गर्न गाउँ कार्यपालिकाले यो गुरुयोजना तयार गरेका हो । यस गुरुयोजनाले माथि उल्लेखित उद्देश्य प्राप्तिमा व्यवहारिक कार्यान्वयन तथा नतिजा हाँसिल गर्न दिशा निर्देश गर्ने तथा सबै पक्षका सहभागिता समन्वय अपनत्व वृद्धि भई समावेशी तथा दिगो नतिजा हासिल गर्न सकिने अपेक्षा गरिएको छ ।

## परिच्छेद : १ परिचय

### गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको संविधान २०७२ ले संघीय राज्यको निर्माणका साथै तीन तहको राज्य प्रणालीको व्यवस्था गरे अनुरुप साविकका स्थानीय निकायहरु स्थानीय तहमा परिणत भएका छन । संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ, राज्य शक्ति एक ठाउँमा केन्द्रित नगरी विभिन्न तह र तप्काबाट प्रयोग गर्ने व्यवस्था भए अनुरुप "जलविद्युत, जडिवुटी, पर्यटन, पूर्वाधार व्यवसायिक कृषि र सुशासन नौमुलेको मुल आधार," यहि मुल नारालाई आत्मसाथ गर्दै दैलेख जिल्ला पनि ४ नगरपालिका र ७ गाउँपालिका गरी ११ वटा स्थानीय तहमा गठन भएको छ । ७ वटा गाउँपालिका मध्ये नौमूले गाउँपालिका दैलेख जिल्लाको पुर्वी भेगमा अवस्थित एक सुन्दर र प्राकृतिक श्रोतले सम्पन्न गाउँपालिका हो । यो गाउँपालिकामा साबिकका ७ गाविस मिलेर बनेको छ ।

यस गाउँपालिकाको क्षेत्रफल २२८.८९ वर्ग कि.मि. र जनसंख्या १९६८७ जना रहेको छ । यस गाउँपालिकालाई भौगोलिक अवस्था र जनसंख्याको अनुपात अनुसार ८ वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको केन्द्र साविकको नौमुले गाविसको भवन नौमूलेमा रहेको छ । करिव ८५ प्रतिशत हिन्दु धर्मालम्वीको बाहुल्यता रहेको यस गाउँपालिकामा मगर, बाहुन, क्षेत्री, ठकुरी, दलित, जनजाती तथा अल्पसंख्यक समुदायको बसोबास रहेको छ । यस क्षेत्रको प्रसिद्ध धार्मिक स्थलको रुपमा रहेको 'नौमुल' को नामवाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । अन्य धार्मिक तथा ऐतिहासिक स्थलहरुको रुपमा द्वारी झरना, तोली गुफा आदि रहेका छन ।

**जनसाङ्ख्यिक संरचना :**

नौमुले गाउँपालिकामा जम्मा १९६८७ जनसंख्या रहेको छ । यो स्थानीय तह दैलेख जिल्लाकै जातीय विविधता युक्त गाउँपालिका हो । यस गाउँपालिकामा वाहुन, ठकुरी, क्षेत्री, गुरुङ्ग, मगर, दमाई, कामी आदि जातजातिहरुको मुख्य वसोवास रहेको छ । लैङ्गिक अनुपातमा हेर्दा जम्मा जनसंख्या मध्ये पुरुष ४८.२% र महिला ५१.८% रहेका छन । वि.सं. २०६८ सालको जनगणना अनुसार नौमुले गाउँपालिकाको जनसंख्या २०८०२ रहेको थियो भने हाल आउँदा यो जनसंख्या घट्दो अवस्था रहेको तथ्याङ्कले देखाउँदछ ।

यस गाउँपालिकामा ८ वटै वडा अनुसार उमेरगत जनसंख्या वितरणलाई विश्लेषण गर्दा सबैभन्दा बढी वडा नं. १ मा ३४४६ रहेको छन भने सबैभन्दा कम जनसंख्या वडा नं. ५ मा १६१९ रहेका छन । यहाँको जनसंख्यामा ९४९१ र महिला १०१९६ गरी जम्मा १९६८७ जनसंख्या रहेको छ ।

| वडा | घरपरिवारको सङ्ख्या | जनसङ्ख्या | | | औषत घरको आकार | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ८३२ | ३४४६ | १५९८ | १८४८ | ४.१४ | ८६.४७ |
| २ | ६७२ | ३३१० | १६१७ | १६९३ | ४.९३ | ९५.९१ |
| ३ | ५४३ | २६८१ | १३४८ | १३३३ | ४.९४ | १०१.१३ |
| ४ | ४८७ | २२९९ | ११४८ | ११५१ | ४.७२ | ९९.७४ |
| ५ | ३८० | १६१९ | ७६४ | ८५५ | ४.२६ | ८९.३६ |
| ६ | ४४७ | २१९४ | १०५७ | ११३७ | ४.९१ | ९२.९६ |
| ७ | ३०३ | १७०२ | ८४१ | ८६१ | ४.६२ | ९७.६८ |
| ८ | ५५९ | २४३६ | १११८ | १३१८ | ४.३६ | ८४.८३ |
| जम्मा | ४२२३ | १९६८७ | ९४९१ | १०१९६ | ४.६६ | ९३.०९ |

स्रोतः राष्ट्रिय जनसंख्या तथा आवास जनगणना २०२१, राष्ट्रिय तथ्याङ्क कार्यालय)

नौमुले गाउँपालिकाको जनसंख्यालाई वडा अनुसार घरधुरी जनसंख्या विवरण ८ वटै वडाहरुको जम्मा घरधुरी संख्या ४२२३ रहेका छन । जस मध्ये वडा नं. १ मा सबैभन्दा धेरै ८३२ घरधुरी रहेका छन भने सबैभन्दा कम वडा नं. ७ मा ३०३ रहेको छ । यसै क्रममा कम घरधुरी वडा नं. २ मा ६७२, वडा नं ८ मा ५५९ वडा नं ३ मा ५४३, वडा नं ४ मा ४८७ वडा नं ६ मा ४४७ वडा नं ५ मा ३८० घरधुरी रहेका छन । वडा अनुसारको जनसंख्यालाई विश्लेषण गर्दा वडा नं. ५ मा सबैभन्दा कम १६१९ र वडा नं १ मा सबै भन्दा बढी ३४४६ रहेका छन ।

यस गाउँपालिकाको उमेर अनुसारको जनसंख्या विवरण

| उमेरको वर्गीकरण | पुरुषको जनसंख्या | महिलाको जनसंख्या | जम्मा जनसंख्या |
|---|---|---|---|
| ९५ भन्दा माथि | ३ | ७ | १० |
| ९०–९४ | ११ | ८ | १९ |
| ८५–८९ | ११ | १२ | २३ |
| ७५–७९ | ३२ | ३३ | |
| ७०–७४ | ८६ | ८६ | |
| ५५–५९ | १५५ | १८९ | |
| ५०–५४ | २०८ | २११ | |
| ४५–४९ | ३११ | ३२७ | |
| ४०–४४ | ३५७ | ३२४ | |
| ३५–३९ | ४७९ | ५१० | |
| ३०–३४ | ३४२ | ४१९ | |
| २५–२९ | ४०० | ५२४ | |
| २०–२४ | ४३९ | ५७३ | |
| १५–१९ | ६१६ | ६५७ | |
| ५–९ | ७५३ | ८८४ | |
| ००–०४ | ९०८ | ११२२ | |

स्रोतः राष्ट्रिय जनसंख्या तथा आवास जनगणना २०२१, राष्ट्रिय तथ्यांक कार्यालय)

**अपाङ्गता भएका व्यक्तिको संख्या**

| जम्मा अपाङ्गता भएका | महिला अपाङ्गता | पुरुष अपाङ्गता |
|---|---|---|
| २.८% | २.१% | ३.५% |

**प्रकार अनुसार अपाङ्गता भएका व्यक्ति**

| श्रेणी | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| शारीरिक | ५०.४ | ४९.२ | ५२.१ |
| कम दृष्टि | ११.२ | १०.९ | ११.७ |
| दृष्टिविहिन | ५.१ | ३.९ | ७ |
| बहिरा | ९.२ | १०.३ | ७.५ |
| मानसिक-सामाजिक अशक्तता | ३.५ | ४.८ | १.४ |
| श्रवणशक्ति कमजोर | २.८ | ३ | २.३ |
| बहिरा र अन्धो | २.६ | ३ | १.९ |


| | | | |
|---|---|---|---|
| वाक अपाङ्गता | ५.५ | ५.७ | ५.२ |
| बौद्धिक अपाङ्गता | ०.९ | १.५ | ० |
| हेमोफिलिया | २.२ | २.१ | २.३ |
| अटिजम | ०.२ | ० | ०.५ |
| बहु अपाङ्गता | ६.४ | ५.४ | ८ |

स्रोतः राष्ट्रिय जनसंख्या तथा आवास जनगणना २०२१, राष्ट्रिय तथ्यांक कार्यालय)

**बैवाहिक अवस्था**

| Category | Total | Male | Female |
|---|---|---|---|
| Never married | 33 | 36.9 | 29.5 |
| Married | 62.8 | 60.8 | 64.6 |
| Widow/ widower | 3.6 | 1.8 | 5.3 |
| Divorced | 0.2 | 0.2 | 0.2 |
| Separated | 0.4 | 0.3 | 0.4 |

| category | Male | Female |
|---|---|---|
| Below 10 | 0.1 | 0.2 |
| 10 to 14 | 3.8 | 9.2 |
| 15-17 | 18.2 | 35 |
| 18-20 | 45.4 | 40.1 |
| 20-24 | 21.7 | 11.3 |
| 25-29 | 8.6 | 3.2 |
| 30-34 | 1.6 | 0.5 |
| 35-39 | 0.2 | 0.1 |
| 40-44 | 0.04 | 0.03 |
| 45-49 | 0 | 0 |
| above 50 | 0 | 0.02 |



**शैक्षिक अवस्था**

नेपालको शैक्षिक संरचनाको दृष्टिकोणले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक तह गरी दुई तहको रहको छ । कक्षा १ देखि ५ आधारभुत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहको शिक्षाको रुपमा व्यवस्था गरेको छ । आधारभुत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरेको छ । यस गाउँपालिकामा सञ्चालनमा रहेका विद्यालयको विवरण यस प्रकार रहेका छन ।

| तह | सरकारी | सामुदायिक | निजी | कुल |
|---|---|---|---|---|
| कक्षा १ देखि ५ | प्रा.वि. | ३३ | २ | ३५ |
| कक्षा १ देखि ८ | आ.वि. | ७ | १ | ८ |
| कक्षा १ देखि १० | मा.वि. | ७ | ० | ७ |
| कक्षा १ देखि १० | मा.वि. | २ | ० | २ |
| जम्मा | | ५३ | ३ | ५६ |
| सामुदायिक अध्ययन केन्द्र | | ४ | ० | ४ |

**स्रोत नौमुले गाउँपालिका शिक्षा शाखा २०८०**

**साक्षरता दर**

| जिल्ला | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| कर्णाली प्रदेश | ७६.१% | ८३.३% | ६९.४% |
| दैलेख जिल्ला | ७५.५% | ८३% | ६८.७% |
| नौमुले गाउँपालिका | ७६.३% | ८२.३% | ७०.९% |

**साक्षरता स्थिति र लिङ्गको आधारमा ५ वर्ष र सोभन्दा माथिको जनसंख्या**

| श्रेणी | जम्मा | जम्मा पुरुष | जम्मा महिला |
|---|---|---|---|
| पढ्न र लेख्न | ७६.३ | ८२.३ | ७०.९ |
| पढ्न मात्र सक्ने | ०.७ | ०.६ | ०.९ |
| पढ्न र लेख्न नसक्ने | २२.९ | १७.१ २८.२ | २८.२ |

**स्रोत राष्ट्रिय जनगणना २०७८**

**भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल**

यस नौमुले गाँउपालिकाको क्षेत्रफल २२८.८९ वर्ग कि.मि. छ । यो गाँउपालिका ० डिग्री देखि ८१ डिग्रीसम्मको भिरालोपना भएको पहाडी खुला उपत्यका र खोच, खोलाको चौडाई खुला समतल र मध्येमा भिरालोपनको भौगोलिक स्वरुप भएको माथिल्लो क्षेत्र धेरै भिरालो, दक्षिणी भाग पहाडी मोहडा रहेको छ । समुन्द्री सतहदेखि न्यूनतम ९८० मिटर र अधिकतम ४१६८ मिटर उचाइ रहेको छ । यो गाँउपालिकाको सदरमुकाम नौमुले बजार ९८५ मिटरको उचाईमा रहेको छ ।

यस गाँउपालिकाको कुल भूभाग मध्ये १३८.९४८३ वर्ग कि.मि.वनजंगल, ४९.८२५२८ वर्ग कि.मि. तथा ४४४४० हेक्टर क्षेत्रफल खेति योग्य जमिनले ढाकेको छ ।

| | |
|---|---|
| भौगोलिक अवस्थाः क्षेत्रफलः (पहाडै पहाड तर कहि कतै) | पहाडै पहाड तर कहि कतै ५ प्रतिशत समथर रहेको छ । |
| क्षेत्रफल | २२८.८९ वर्ग कि.मि. |
| कृषियोग्य | ४९.८२५२८ वर्ग कि.मि. |
| जमिन वनजंगल क्षेत्रफल | १३८.९४८३ वर्ग कि.मि. |
| समुद्र सतहदेखिको उचाई न्यूनतम | ९८० मिटर र अधिकतम ४१६८ मिटर |

**जातीय विविधता**

विविधता युक्त गाँउपालिका हो यस गाँउपालिका मा वाहुन, ठकुरी, क्षेत्री, गुरुङ्ग, मगर, दमाई, कामी, आदि जातजातिहरुको मुख्य वसोवास रहेको छ ।

**धार्मिक तथा पर्यटकीय स्थलहरु**

यस गाँउपालिकाको नामाकरण गरिदा नौ वटा पानीका मूलको नामवाट नौमुले गरिएकोले यो गाँउपालिका धार्मिक तथा सांस्कृतिक रुपले पनि भरिपूर्ण रहेको छ । द्वारी झरना, द्वारी हाईड्रोपावर, नौमुले हाईड्रोपावर, पदम खोला हाईड्रोपावर, लोहोरे हाईड्रोपावर, महावु गाँथ, तीनचुले हिमाल, भुर्सु गुफा, वासुकी गुफा, मालिका बासुकी धारा यहाँका महत्वपुर्ण धार्मिक तथा पर्यटकिय स्थलहरु हुन् ।

**सांस्कृतिक विविधता**

यस गाँउपालिकामा वसोवास गर्ने वहुसंख्यक ८५% जातजातिहरु हिन्दु धर्म मान्ने गर्दछन् भने इसाई धर्मालम्वीहरु पनि यस गाँउपालिकामा रहेका छन । हिन्दु र इसाई धर्मालम्वीहरुका आ-आफ्नै किसिमका धार्मिक तथा सांस्कृतिक परम्परा रहेका छन । विजया दशमी, तिहार, कृष्ण अष्टमी, हरितालिका तिज, माघे संक्रान्ति, होली, चैते दशैं, नववर्ष (तागा), गुरु पूर्णिमा, नागपञ्चमी हिन्दुहरुका महत्वपूर्ण चाडपर्वहरु हुन् भने इसाईको ईसु, वौद्धहरुको बौद्ध जयन्ति, ल्होसार आदि धर्मालम्वीहरुका महत्वपूर्ण चाडपर्वहरु हुन् ।

**जैविक विविधता**

यस क्षेत्रमा उष्ण समशीतोष्ण हावापानी पाईन्छ । वनस्पतिहरुमा साल, सिसौ, मसला, लहरे पिपल, जामुन, अमला, बाँस आदि मुख्य वनस्पतिहरु रहेका छन् । यहाँ विभिन्न प्रजातिका स्तनधारी जीवहरु जस्तै बदेल, चितुवा, बन बिरालो, मृग, सेतो बादर र लंगुर जस्ता जनावरहरु रहेको जानकारी पाईन्छ, त्यसैगरी घस्रने जातका प्राणीमा सर्प, छेपारो, साल्घारे, मौसुली, रातो टाउको छेपारो सबभन्दा बढी पाईन्छन् । यस क्षेत्रमा भ्यागुता जस्ता उभयचरहरु पनि पाईन्छन् त्यस्तै लाहाँचे, जुरेली, काग, भँगेरो, कालिज, सुगा, ढुकुर, चिवे, रानीचरा, वन कुखुरा लगायत प्रजातिका पंक्षीहरुको बासोबास रहेको छ । माछाहरुमा असला, धामी र बाम पाइन्छन् । साथै यी क्षेत्रहरु कुनै पनि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्रहरु भित्र पर्दैनन् ।

**पर्यटकीय स्थलहरुको विवरण (धार्मिक/ऐतिहासिक/पुरातात्विक):**

यस नौमुले गाँउपालिकामा अवस्थित पर्यटकीय स्थलहरु निकै महत्वको रुपमा रहेका छन् । जसमा द्वारी झरना, द्वारी हाईड्रोपावर, नौमुले हाईड्रोपावर, तीनचुले हिमाल, भुर्सु गुफा, वासुकी गुफा, मालिका बासुकीधारा, नौमुल, गिद्ध नुहाउने ठाँउ आदिका कारण दैनिक आउने पर्यटकहरुको संख्यामा वृद्धि भएको देखिन्छ ।

**वर्तमान भू-उपयोग सम्वन्धी विवरण**

यस नौमुले गाँउपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा सवैभन्दा बढी १३८.९४८३ वर्ग कि.मि क्षेत्रफल वन तथा चरन क्षेत्रले ओगटेको छ भने औषत बर्षा २७०२६८ मि.मि.रहेकाले कृषि क्षेत्रमा उन्नति भएको पाईन्छ । घाँसे क्षेत्र, झाँडी बुट्यानका कारण विभिन्न खाले जडिबुटीको महत्व रहेको छ । सडकले ओगटेको क्षेत्र १०९ वर्ग कि.मि.र सवै वडाहरुमा कच्ची सडक पुगेकाले यातायातको सुविधा रहेको छ ।

**योजना निर्माण प्रक्रिया**

योजना निर्माण प्रक्रियामा लाभान्वित वर्ग सरोकारवालाहरुको सहभागीता र स्वामित्व भएमा तयार गरिएको योजना प्रभावकारी रुपमा कार्यान्वयन हुने गर्दछ । यसकारण यस गुरुयोजना निर्माणका क्रममा सबै पक्षको सहभागीता सहकार्यमा योजना तयार गरिएको हो ।

(क) प्रथम चरण: योजना निर्माणको पूर्व तयारी

(ख) दोस्रो चरण: योजना विकास

(ग) योजना निर्माण तथा स्वीकृति

## परिच्छेद २: गाउँपालिकाको गुरुयोजना योजना निर्माणको सन्दर्भ र औचित्य

नौमुले गाउँपालिको लक्ष्य सुशासन र पारदर्शिता, सुखी नौमुलेबासी, हाम्रो प्रतिबद्धता लक्ष्यलाई प्राप्त गर्न जनसहभागीता, समावेशीता तथा नागरिक उत्तरदायित्व र सम विकासका लागि बिभिन्न कार्य गर्दै आईरहेको छ । सोही अनुरुप यस गाउँपालिकाले जनसहभागीता मार्फत विकासका चुनौती र अवसरको पहिचान गर्दै जनताको आवश्यकता र आकाँक्षा पुरा गर्न कटिबद्ध हुँदै निरन्तर कार्य गरिरहेको छ । यसैगरी यस गाउँपालिकाले आ.व २०८२/२०८३ को वार्षिक नीति तथा कार्यक्रम अनुरुप पोषण मैत्री वडा घोषण गर्दै जाने, बाल विवाह न्युनीकरण गर्न नव दम्पत्ति प्रोत्साहन कार्यक्रम, घरेलु हिंसा अन्त्यका लागि जनचेतना अभियान संचालन गर्ने, बाल विवाह न्युनीकरणका साथै बालश्रम मुक्त गाउँपालिका घोषणाका लागि अभियान संचालन गर्ने, बालबालिकाकाई पढाई सुधारका लागि अभिभावक शिक्षा जस्ता योजना तय गरेको छ । यस गाउँपालिककाले निर्माण गरेका रणनैतिक योजना, ऐन नीति नियमलाई कार्यान्वयन गर्न दिगो विकास मार्फत गाउँपालिकाको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन यो गुरु योजना तयार गरीएको हो । त्यसै गरी तल उल्लेखित योजनाको लक्ष्य प्राप्तिमा यस योजनालाई दिशा निर्देश तथा मार्गनिर्देशन गर्न सहयोग पुऱ्याउने छ ।

- नेपालको संविधान २०७२
- स्थानीय सरकार ऐन २०७४
- संयुक्त राष्ट्रसंघिय बाल अधिकार महासन्धी
- बाल अधिकार ऐन २०७५ र बालबालिका सम्वन्धि निमावली २०७८
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन
- दिगो विकास लक्ष्य
- सोह्रौ पञ्चवर्षिय योजना
- विद्यालय शिक्षा क्षेत्र योजना
- अपाङ्गता भएका व्यक्तिको अधिकार २०७४
- देवानी तथा फौजादारी कसुर ऐन २०७४
- नौमुले गाउँपालिकाको शिक्षा ऐन २०७८
- मानव अधिकार आयोग छैटौ राणनीतिक योजना २०२१–२०२६
- बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२
- बाल संरक्षण र प्रवर्द्धनका लागि एकिकृत कार्यक्रम कार्यविधि नौमुले गाउँपालिका २०८२

**नौमुले गाउँपालिकाले बालबालिका तथा किशोरकिशोरीको क्षेत्रमा गरेका उत्तम अभ्यासहरु :**

**छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि २०८१**

नौमुले गाउँपालिका भित्र स्थानीय बसोबास भई नेपाल भित्रका सरकारी/सामुदायिक शिक्षण संस्थामा विज्ञान विषय वा प्राविधिक शिक्षा अध्ययनरत जेहेन्दार, उत्पिडन, असहाय र गरिब परिवारका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्नका लागि कार्यविधि तयार गरेको छ । यसले ति लक्षित वर्गको शिक्षा प्राप्त गर्ने अवसर र अधिकार सुनिश्चित गरेको छ ।

## महिला किशोरी तथा बालबालिकाको मुख्य क्षेत्रका मुख्य चुनौतीहरु

- बालविवाहको दर उच्च हुनु जसले गर्दा बालबालिकाको सबै अधिकार हनन भएका छन् ।
- छाउपडी प्रथा कायम रहनु ।
- बालबालिकाको सिकाई उपलब्धी न्यून हुनु ।
- दलित विपन्न तथा पछाडि पारिएका बालबालिका विद्यालय शिक्षामा पहुँचमा कमी तथा विद्यालयमा टिकाई राख्न समस्या ।
- मुलत पछाडि पारिएका विपन्न वर्ग बालबालिकाको शिक्षामा पहुँचमा कमी ।
- बालबालिकाको भर्ना दर र विद्यालयमा टिकाई राख्नु ।
- जोखिमा रहेका, भौगालिक विकटता तथा अपाङ्गता भएका बालबालिका विद्यालयको पहुँच भन्दा बाहिर हुनु ।

## परिच्छेदः ३ दूरदृष्टि, लक्ष्य, ध्येय, उद्धेश्य, रणनीति तथा मुख्य उपलब्धी

**दूरदृष्टिः** बालबालिका तथा किशोरीको पूर्ण मानव अधिकार प्रत्याभूत गर्दै यस गाउँपालिकाभित्रका सम्पूर्ण बालबालिकाको अधिकार स्थापित गराइ नेपालको संविधानले परिकल्पना गरेको समाजवादलाई योगदान गर्नु ।

**लक्ष्यः** बालबालिका तथा किशोरीहरुको स्वास्थ्य अधिकार तथा पूर्ण मानव अधिकारको प्रत्याभूत गर्दै बाल अधिकार स्थापित गर्ने ।

**उद्देश्यहरुः**

- बाल अधिकारलाई कार्यान्वयन गर्दै सबै बालबालिकाले अधिकार प्राप्त गरेको सुनिश्चित गर्नु ।
- बाल विवाह, छाउपडी, हिंसा रहित समाज निर्माण गरी समुन्नत गाउँपालिका निर्माण गर्नु ।
- विद्यालय तथा समुदाय स्तरमा बालमैत्री, भय रहित वातावरण सिर्जना गरी बालबालिकाहरुका लागि सिकाई वातावरण सिर्जना गर्नु ।
- बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य तथा पोषणमा सुधार गर्नु ।
- बालबालिका तथा किशोरकिशोरीहरुको सहभागीता नेतृत्व विकास गर्नु ।
- बालबालबालिका तथा किशोरीको अधिकार सुनिश्चितताका लागि घर परिवार तथा समुदायमा सुरक्षित मर्यादित वातावरण सिर्जना गर्नु ।

- गाउँपालिका स्तरमा बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि संयन्त्र निर्माण गरी गुणस्तरीय सेवा प्रवाह पुऱ्याउनु ।

**रणनीतिः**

- नौमुले गाउँपालिकाको बाल विवाह हुने दरमा कमी गराँउदै बाल विवाह मुक्त गाउँपालिका निर्माण गरिने छ ।
- बालमैत्री, पोषणमैत्री, बालश्रम निषेध वडा घोषणा गरिने छ ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृति, शैक्षिक सामग्री उपलब्ध गराई उनीहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ ।
- विशेष शिक्षा आवश्यकता भएका बालबालिकाहरुका लागि विशेष कक्षा संचालन गरिनेछ ।
- Public Private partnership को अवधारण लागु गरिनेछ । निजी क्षेत्रको स्रोतलाई बालबालिका तथा किशोरीको विकासका लागि उपयोग गरिनेछ ।
- तथ्यमा आधारित रही बालबालिका लक्षित ऐन नीति कार्यविधि तयार गरी लागु गरिने छ ।
- बालबालिका तथा किशोरीको विकासका लागि सहकार्य, सह–अस्तित्वको अवधारणा अनुरुप नीति निर्माण, स्रोतको बाँडफाँड तथा लगानीका लागि संघ र प्रदेशँग सहकार्य गरिनेछ ।

**अपेक्षित मुख्य उपलब्धिहरु**

यो योजनाको अन्त्य २०८८ सम्म निम्नानुसारको उपलब्धिहरु हाँसिल गर्ने अपेक्षा गरिएको छ ।

- गाउँपालिका भित्र कमजोर आर्थिक, पछाडि पारिएका बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गरी माध्यमिक तहको शिक्षा पूरा गरेको सुनिश्चित गर्ने ।
- अनिवार्य तथा निःशुल्क शिक्षालाई प्रभावकारी कार्यान्वयन गरी शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने ।
- गाउँपालिका भरि पछि परेका र गरिबीको रेखामुनी हरेका परिवारका बालबालिकाका निमित्त आयआर्जन कार्यक्रम संचालन गरी सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागीता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ।
- सिकाई उपलब्धि सहित सबै बालबालिकाले माध्यमिक तहको शिक्षा पूरा गरेको सुनिश्चित गर्ने ।
- गाउँपालिकाबाट बाल विवाह अन्त्य गरी समुन्नत समाजको स्थापना गर्ने ।
- गाउँपालिकामा छाउपडी प्रथा न्युनीकरण गरी समुन्नत समाजको स्थापना गर्ने ।
- सबै नागरिकले आधारभुत स्वास्थ्य सेवा प्राप्त गरेका सुनिश्चित गर्ने ।

● स्थानीय तहमा बाल संरक्षण र प्रवर्द्धनका लागि आवश्यक नीतिगत संरचाना र व्यवस्थापन गर्ने ।

मुख्य कार्यसम्पादनका सूचकहरु

| क.सं. | सूचकहरु | इकाइ | आधार वर्ष | लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | २०७९ | २०८५ | २०८८ | |
| | शिक्षा | | | | | |
| | कक्षा छोड्ने दर | | | | | |
| | आधारभूत तह(१-८) | प्रतिशत | ३.५५ | | | |
| | माध्यमिक तह(९-१०) | प्रतिशत | ५.४ | | | |
| | कक्षा दाहोऱ्याउने | | | | | |
| | आधारभूत तह(१-८) | प्रतिशत | ७ | | | |
| | माध्यमिक तह(९-१०) | प्रतिशत | ४.४ | | | |
| | बालबालिकाको सिकाई उपलब्धि | | | | | |
| | कक्षा ५ | | | | | |
| | कक्षा ८ | | | | | |
| | कक्षा १० | | | | | |
| | टिकाउ दर ५ सम्मको | | | | | |
| | छात्रा | प्रतिशत | ९१.९ | | | |
| | छात्र | प्रतिशत | ९९.३ | | | |
| | जम्मा | प्रतिशत | ९५.६ | | | |
| | टिकाउ दर ८ सम्मको | | | | | |
| | छात्रा | प्रतिशत | ८४ | | | |
| | छात्र | प्रतिशत | ८३.९ | | | |
| | जम्मा | प्रतिशत | ७७.१ | | | |
| | कक्षा ५ सम्मको पुरा गर्ने दर | | | | | |
| | छात्रा | प्रतिशत | ८९ | | | |
| | छात्र | प्रतिशत | ९२.५ | | | |
| | जम्मा | प्रतिशत | ९०.८ | | | |
| | कक्षा ८ सम्मको पूरा गर्ने दर | | | | | |
| | छात्रा | प्रतिशत | ७७.१ | | | |
| | छात्र | प्रतिशत | ७३.८ | | | |
| | जम्मा | प्रतिशत | ७५.५ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | छाउगोठ भएको घरसंख्या | | | | | |
| | स्वास्थ्य | | | | | |
| | स्वास्थ्य चौकीमा गई गर्भवती जाँच गराउने किशोरीको संख्या | | | | | |
| | बाल कुपोषण | | | | | |
| | प्रसुति गृह | | | | | |
| | जन्मदर्ता प्राप्त बालबालिका | | | | | |
| | गाउँपालिकाको नीतिगत तथा संस्थागत विकास | | | | | |
| | बाल अधिकार समिति गठन | संख्या | १ | | | |
| | वडामा बाल अधिकार समिति संख्या | संख्या | ३ | | | |
| | बाल क्लब संख्या | संख्या | | | | |
| | बालबालिका किशोरी लक्षित ऐन नीति कानुन तथा बजेट | | | | | |
| | बाल क्लब गठन तथा परिचालन कार्यविधि | | | | | |
| | बाल कोष | | | | | |
| | बाल विवाह अन्त्य रणनीति | | | | | |
| | बाल अधिकार कार्यान्वयन कार्ययोजना | | | | | |
| | स्थानीय तह बालबालिकाका र किशोरीका लागि विनियोजन गरेको बजेट | | | | | |

## परिच्छेद : ४, क्षेत्रहरु

### माध्यमिक तहको शिक्षा

**परिचय:**

मानव जीवनयापन गर्नका लागि शिक्षा महत्वपूर्ण सहयोगी साधन हो । विद्यमान ऐन तथा नीति नियमले प्रारम्भिक बालविकास देखि ८ कक्षा सम्मको शिक्षालाई आधारभूत तहको शिक्षा भनिन्छ ।

जीवनलाई सहजरुपमा जिउनका लागि आधारभूत तहको शिक्षा आवश्यकता पर्दछ । नेपालको संविधानले आधारभूततहको शिक्षालाई नागरिकको मौलिक अधिकारको रुपमा सुनिश्चित गरिएको हुंदा प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षाको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन आउंछ । त्यस कारण राज्यले प्रत्येक नेपाली नागरिकले आधारभूत तहको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभूत तहको शिक्षा प्रदान गर्ने संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार हुने र आधारभूत शिक्षाको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ भनी उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज)मा आधारभूत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने कुरा उल्लेख गरिएको छ । यसकारण सबै नागरिकलाई आधारभूत तहको शिक्षाको सुनिश्चिता गर्ने सरकारको दायित्व रहेको छ ।

माध्यमिक तह कक्षा ९ देखि १२ को सिकाई उपलब्धिलाई मापन गर्नका लागि राष्ट्रिय परीक्षा बोर्डको पनि गठन भएको छ । माध्यमिक तहमा आत्मविश्वास, नैतिकवान, चरित्रवान, इमान्दारीता, लोकतान्त्रिक आचरण भएका राष्ट्रिय एकताभाव, बहुसाँस्कृतिक, मूल्य, मान्यता, विविधता राष्ट्रिय आदर्श गर्न सक्ने, शान्ति मानवअधिकार, दिगोविकास, पर्यावरणीय सन्तुलन, द्वन्द व्यवस्थापन र विपत व्यवस्थापन प्रति सचेत र जिम्मेवार सबै प्रकारका पेशाप्रति सम्मान गर्न सक्ने सीपयुक्त ज्ञान प्रविधिले युक्त र राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने व्यक्तिगत र राष्ट्रिय रुपमा आइपर्ने समस्याहरु सँग जुध्न सक्ने, अरुको विचार र भावनाको सम्मान एवं कदर गर्न सक्ने सकारात्मक सोच भएका सृजनशील नागरिक तयार पार्ने माध्यमिक शिक्षाको उद्देश्य रहेको छ ।

**वर्तमान अवस्था**

नौमूले गाउँपालिका भित्र हाल जम्मा ११ वटा माध्यमिक विद्यालयहरु रहेका छन् जसमा २ वटा विद्यालयहरु कक्षा १–१२ सम्म सञ्चालनमा रहेका छन् बाँकी ९ वटा विद्यालयहरु कक्षा १-१० सम्म सञ्चालित रहेका छन ।

**उद्देश्यहरु**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी सबै बालबालिकाको अधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
- शैक्षिक गुणस्तर सुधार गरी बालबालिकाको न्यूनतम सिकाई उपलब्धि वृद्धिको सुनिश्चित गर्नु ।
- आधारभूत तहमा बालवालिकाको टिकाउ दरमा वृद्धि गर्नु ।
- विद्यालयको वातावरण भयरहित, समावेशी तथा बिभेद रहित बालमैत्री वातावरण सिर्जना गरी बालमैत्री तथा समावेशी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- आधारभूत तहका विद्यालयहरुको भौतिक संरचना तथा शैक्षिक क्रियाकलाप बालमैत्री तथा समावेशी बनाउनु ।
- माध्यमिक तहको खुद भर्नादर तथा टिकाउमा वृद्धि गर्नु ।

- सबै बालबालिकाको माध्यमिक तहको तह पूरा गर्ने दर सुनिश्चित गर्नु ।
- बालबालिकाको न्यूनतम सिकाई उपलब्धि वृद्धिको सुनिश्चित गर्नु ।

## रणनीतिः

- सबै बालबालिकाका लागि निःशुल्क प्रभावकारी शिक्षा कार्यान्वयन गर्न स्थानीय तहले आवश्यक नीति नियम र कानुन तर्जुमा गरी आर्थिक स्रोत सुनिश्चित गर्ने ।
- विद्यालयभन्दा बाहिर रहेका बालबालिकाको विवरण संकलन गरी उनीहरुको शिक्षामा पहुँच सुनिश्चित गर्न कार्यक्रम संचालन गरिने छ ।
- आधारभूत तहको विद्यार्थी टिकाउ दर सुनिश्चित गर्न समता रणनीति योजना लागु गर्ने, शैक्षिक सामग्री सहयोग तथा अन्य प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।
- विद्यालय छोडूने दरलाई न्यूनीकरण गर्न अभिभावक शिक्षा, अभिभावक भेटघाट अर्न्तक्रिया कार्यक्रम तथा जीवन उपयोगी सीप सम्बन्धी कक्षा संचालन गरिनेछ ।
- माध्यमिक तहको शिक्षालाई अनिवार्य गरी सबै बालवालिकाको शिक्षामा पहुँच भएको सुनिश्चित गरिने छ ।
- दुर्गम तथा अपाङ्गता भएका बालवालिकाहरुको लागि आवासीय विद्यालयको व्यवस्थापन गरी उनीहको पहुँच सुनिश्चित गर्नु ।
- बालबालिकाको सिकाई उपलब्धी वृद्धि गर्नका लागि थप अतिरिक्त कक्षा संचालन गरिने छ ।

### उपलब्धी तथा नतिजा

- पहुँच, तथा अवसर समतामा सुधार भएको हुने ।
- टिकाउ दरमा वृद्धि भएको हुने ।
- तह पूरा गर्ने बालवालिकाको दरमा वृद्धि भएको हुने ।
- बालबालिकाको सिकाई उपलब्धि वृद्धि भएको हुने ।

### प्रमुख क्रियाकला तथा लक्ष्यहरु

| क.स. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन कार्यविधि तथा निर्देशिका तयारी | | | | | | | | |
| २ | विद्यालय तहमा टिकाउ | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वृद्धि बढाउन आकर्षक छात्रवृत्तिको व्यवस्थापन | | | | | | | | |
| ३ | नर्सको व्यवस्था | | | | | | | | |
| ४ | आवसीय विद्यालयको विकास | | | | | | | | |
| ५ | बाल क्लब/सञ्जाल गठन | | | | | | | | |
| ६ | बाल विवाह तथा छाउपडी सम्बन्धि सचेतना कक्षा | | | | | | | | |
| ७ | सुझाव पेटिका स्थापना | | | | | | | | |
| ८ | विद्यालयमा आचारसंहिता निर्माण | | | | | | | | |
| ९ | सिकाई उपलब्धि कम भएका बालबालिका लागि अतिरिक्त कक्षा संचालन | | | | | | | | |
| १० | अतिरिक्त क्रियाकलाप | | | | | | | | |
| ११ | सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाई | | | | | | | | |
| १२ | बाल मैत्री वडा | | | | | | | | |
| १३ | बाल मैत्री पालिका | | | | | | | | |

## समानता र समावेशी शिक्षा

### वर्तमान अवस्था

नौमुले गाउँपीलका सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक विविधता भएको स्थानीय तह हो । यस गाउँपालिकामा नेपाली मातृभाषा बाहेका मगर खाम र मगर भाषा प्रयोग गर्ने जनसंख्या धेरै रहेको छ ।

नौमुले गाउँपालिकामा जम्मा १९६८७ जनसंख्या रहेको छ । यो स्थानीय तह दैलेख जिल्लाकै जातीय विविधता यूक्त गाउँपालिका हो । यस गाउँपालिकामा वाहुन, ठकुरी, क्षेत्री, गुरुङ, मगर, दमाई, कामी आदि जातजातिहरुको मुख्य वसोवास रहेको छ । लैङ्गिक अनुपातमा हेर्दा जम्मा जनसंख्या मध्ये पुरुष

४८.२% र महिला ५१.८% रहेका छ। सबैभन्दा बढी जनसंख्या मगरको ७८९९(४२.२५%), क्षेत्री ३४०३( १७.३%), विश्वकर्मा ३०४४ जना (१५.५%), ठकुरी २६८६ जना (१३.७%), ब्राहमण-पहाड ६१० जना ( ४.९%), परियार ६१० जना (३.१%),गुरुङ ४४१ जना , मिजार ३१५ जना, सन्यासी/दसनामी २७२ जना र अन्य २६ जना रहेका छन । यसरी हेर्दा यस गाउँपालिकामा विभिन्न जातजाति, धर्म, संस्कृति भएका समुदाय बसोबास गरेको देखिन्छ ।

**उद्देश्य:**

- शिक्षाको मूलधारबाट वञ्चि रहेका व्यक्तिहरुलाई शिक्षाको पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु ।
- विद्यालयमा बालमैत्री, किशोरीमैत्री, भेदभाव रहित वातावरण सिर्जना गरी गुणात्मक शिक्षा प्रदान गर्नु ।
- कमजोर कठिन परिस्थितिमा रहेका, अपाङ्ग बालबालिकालाई आर्थिक सहयोग गरी शिक्षाको पहुँच भएको सुनिश्चित गर्नु ।

**रणनीति:**

- घरधुरी सर्वेक्षण गरी विद्यालयबाट बाहिर रहेको बालबालिकाको कारण सहित पहिचान गरिने छ ।
- नौमुले गाउँपालिकाको छात्रवृत्ति तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- विशेष परिस्थितिमा रहेका बालबालिकाको लागि विशेष कक्षा संचालन गरिने छ ।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गरिने छ ।

**उपलब्धि, नतिजा**

- शिक्षाको लप्रवाहीकरणबाट वञ्चित रहेका बालबालिका, आर्थिक सामाजिक रुपले कमजोर, अपाङ्गहरुको समतामूलक गुणस्तरीय शिक्षामा पहुँच भएको सुनिश्चित भएको हुने ।
- लक्षित वर्गका लागि छात्रवृत्ति, प्रोत्साहन कार्यक्रम संचालन गरी सबै बालबालिकाको शिक्षाको सुनिश्चित भएको हुने ।
- लक्षित वर्ग र पछाडि पारिएका बालबालिकाको सिकाई उपलब्धि बृद्धि भई टिकाउ दर वृद्धि भएको हुने ।
- विद्यालयमा सबै प्रकारका विभेदको अन्त्य भएको हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु**

| क.स. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क संकलन तथा अद्यावधि | | | | | | | | |
| २ | लक्षित वर्गलाई छात्रवृत्ति | | | | | | | | |
| ३ | विद्यालयमा गुनासो सुन्ने अधिकार र संरचना निर्माण | | | | | | | | |
| ४ | सामाजिक लेखापरीक्षण | | | | | | | | |
| ५ | आवसीय छात्रवृत्ति | | | | | | | | |
| ६ | सबै विद्यालयमा आधाभूत तहको मनोसाजिक तालिम पाएको शिक्षकको व्यवस्था | | | | | | | | |
| ७ | आधारभुत तहमा मातृभाषामा शिक्षण | | | | | | | | |

## गुणस्तरीय स्वास्थ्य सेवा

**परिचय:**

बालबालिका तथा किशोर किशोरीको समग्र विकासका लागि स्वास्थ्यले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । किशोरावस्थामा शारीरिक, मानसिक, संवेगात्मक वृद्धि विकास भई रहेको हुन्छ । यस्तो अवस्थामा अझ गुणस्तरीय स्वास्थ्य, पोषण तथा उचित हेरचाहको आवश्यकता पर्दछ । नेपालमा नेपाल सरकारले स्वास्थ्य सेवाहरु क्रमश : विस्तार गर्दै आई रहेको छ । यसबाट स्वास्थ्य सेवामा बालबालिका तथा किशोरीहरुको पहुँचमा वृद्धि भई उनीहरुले स्वास्थ्य सेवा लिईरहेका छन् । यौनिक र प्रजनन् स्वास्थ्य समस्या बाहेक किशोरकिशोरीको ठूलो संख्या मनोवैज्ञानिक स्वास्थ्य समस्याका कारण निराशा भएको पाईन्छ ।

नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको सन्दर्भमा निःशुल्क आधारुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नु, आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा, बाल स्वास्थ सेवा प्रत्याभूत गराउनु राज्यको दायित्व हो ।

गाउँपालिकाले आर्थिक वर्ष २०८२/२०८३ को नीति तथा कार्यक्रम मार्फत गुणस्तीय स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिदै वडालाई क्रमश : पोषणमैत्री वडा घोषणा गर्दै लगिने छ । स्वास्थ्य नीति तर्जुमा गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने जस्ता महत्वपुर्ण नीति तथा कार्यक्रम तय गरेको छ । यसैगरी नेपाल सरकारले नेपाल स्वास्थ्य क्षेत्र-रणनीतिक योजना (२०७९/८०- २०८७/८८) निर्माण गरी कार्यान्यन गरीरहेको छ ।

वर्तमान अवस्था

नौमुले गाउँपालिकामा प्राथमिकता प्राप्त स्वास्थ्य सेवाहरू विवरण

| विवरण | संख्या |
|---|---|
| अस्पताल | १ |
| PHC | १ |
| स्वास्थ्य चौकी | ६ |
| सामुदायिक स्वास्थ्य इकाइ | ६ |
| PHC ORC | २३ |
| EPI Clinic | २३ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | २३ |
| Birthing Center | ९ |
| Microscopy Center | १ |
| HTC Center | १ |
| Ayurveda Hospital/Center | १ |
| TB Treatment Center | १ |
| Medical/Drug Shop | २ |

**उद्देश्यहरु**

- बालबालिका तथा किशोरकिशोरीको गुणस्तरीय सेवामा पहुँच भई स्वास्थ्यमा सुधार गर्नु ।
- किशोरकिशोरीलाई सुरक्षित वातावरणमा आवश्यक सेवा सहज रूपमा प्रदान गर्नु ।

**रणनीतिः**

- कानुन, नीति, निर्देशिका र सहयोगी संयन्त्रहरूमा सामञ्जस्यता ल्याउने र सम्वद्ध संयन्त्रहरूबिच समन्वय गर्ने ।
- आवश्यकताका आधारमा बालबालिका तथा किशोरकिशोरीमैत्री नीति नियम तथा कार्यक्रम निर्माण गरिने छ ।
- स्थानीय तहमा संस्थागत संयन्त्र निर्माण भई समतामूलक तथा गुणस्तरीय सेवा प्रवाह गरिने छ ।
- महिला स्वयंसेविकाको क्षमता विकास गरी समुदाय स्तरमा बाल विवाह, जबरजस्ती विवाह, छाउपडी, आङ खस्ने समस्या समबन्धि जनचेतना तथा अभियान संचालन गरिने छ ।
- सबै विद्यालयमा किशोरीमैत्री स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- सबै विद्यालयमा वृहत्तर यौनिक शिक्षा तथा जीवन उपयोगी सीप सम्बन्धि कक्षा संचालन गरिने छ ।
- सबै विद्यालयमा मानसिक स्वास्थ्य मनोपरामर्श तालिम प्राप्त शिक्षकको व्यवस्था गरी बालबालिका तथा किशोरकिशोरीलाइ मनोपरामर्श सेवा प्रदान गरिने छ ।
- महिनावारी भएको समयमा आराम कक्षको सुनिश्चितता गरिने छ ।
- प्रत्येक विद्यालयमा निःशुल्क सेनिटरी प्याडको व्यवस्था र व्यवस्थापन गरिने छ ।

**उपलब्धि, नतिजा**

- स्वास्थ्य सम्बन्धी सूचना र सेवाको पहुँच र उपयोगमा किशोर किशोरी खासगरी बालिका र यौनिक अल्प-संख्यकको क्षमता अभिवृद्धि हुने ।
- किशोरकिशोरी खासगरी किशोरी र अल्पसंख्यक समूहलाई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |

## पोषण तथा पोषिलो खाना

परिचयः

कुपोषणलाई पुड्कोपन, कम तौल, ख्याउटेपन र मोटोपनका आधारमा वर्गीकृत गरिन्छ । नेपाल जनसाङख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार पाँच वर्षमुनिका बालबालिकामध्ये ३६ प्रतिशतमा पुड्कोपन, २७ प्रतिशतमा कम तौल र १० प्रतिशतमा ख्याउटेपन देखिएको छ । त्यस्तै, पाँच वर्षमुनिका बालबालिकामध्ये २.१ प्रतिशतमा बढी तौल वा मोटोपन पाईन्छ भने प्रजनन् उमेरका महिलामध्ये २२ प्रतिशतमा बढी तौल वा मोटोपन र १७ प्रतिशतमा दीर्घकालीन कुपोषण (शक्तिको कमी) देखिएको छ ।

दिगो विकास लक्ष्य (SDG) २०३० का १७ मध्ये १२ वटा लक्ष्यमा पोषणसँग सम्बन्धित सूचकहरू समावेश छन् । नेपालमा बहुआयामिक गरिबी दर १७.४ प्रतिशत रहेकोमा यसको मुख्य कारण कुपोषण र बालबालिकाको विद्यालय जानबाट वञ्चित हुनु हो । सम्पन्न वर्गका बालबालिकामा पुड्कोपन १६.५५ प्रतिशत मात्र देखिएको छ भने अत्यन्तै गरिब वर्गमा यो दर ४९.२ प्रतिशत पुगेको छ । त्यस्तै, शिक्षित आमाबाट जन्मेका बालबालिकामध्ये २२.७५ प्रतिशतमा पुड्कोपन देखिएको छ भने अशिक्षित आमाबाट जन्मेकामा यो दर ४५.५५ प्रतिशत पुगेको छ । नेपालको संविधानमा स्वास्थ्य तथा खाद्य सुरक्षा सम्बन्धि हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ ।

आ.व. २०७१/७२ मा पोषणको अवस्था कमजोर रहेका ६ जिल्ला (अछाम, बाजुरा, जुम्ला, कपिलवस्तु, नवलपरासी र पर्सा) बाट सुरुवात गरिएको कार्यक्रम क्रमशः विस्तार हुँदै आ.व. २०७९/८० मा ७७ जिल्लाका सबै ७५३ वटै स्थानीय तहमा विस्तार गरिएको छ । साविकमा यो कार्यक्रम कुपोषणको समस्या तुलनात्मक रूपमा बढी भएका जिल्ला र राज्यको पुर्नसंरचना पछि सोही जिल्ला भित्रका स्थानीय तहलाई छनौट गरी ३८३ स्थानीय तहमा सघन रूपमा (पूर्ण प्याकेज), (स्थानीय तहमा चेपाङ समुदाय विशेष पोषण कार्यक्रम र ३६१ तहमा आंशिक प्याकेजको रूपमा सञ्चालनमा रहेको थियो ।

वर्तमान अवस्थामा बहुक्षेत्रीय पोषण योजना-तेस्रो, २०८०/८१-२०८७/८८ मा आएको छ र यसको दीर्घकालीन सोचः "कुपोषणको अन्त्य, मानवपूँजी निर्माण र समग्र आर्थिक सामाजिक विकास" लक्ष्य गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुँचको सुनिश्चतता गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्ने रहेको छ ।

**नीतिगत व्यवस्था**

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले बहुक्षेत्रिय पोषण सम्बन्धि नीति खाद्य सुरक्षा लगायतका कार्यक्रमहरु अद्यावधि गर्दै कार्यान्वयनमा लैजाने कार्यलाई उच्च प्रथामिकता दिएको छ। यस नीतिले सुक्ष्म पोषणको अवस्था सुधारका लागि खाद्य विविधीकरण तथा सन्तुलित आहार उपभोगमा जोड विद्यालय स्वास्थ्य कार्यक्रम र पोषणको सुदृढीकरण र हानिकारक खाद्यवस्तुलाई निरुत्साहित गर्दै गुणस्तरीय पोषिलो स्वास्थ्यवर्धक खाद्यवस्तुको उत्पादन पहुँच र उपभोगलाई प्रर्वधन गरी महिला तथा बालबालिका लगायत बिभिन्न उमेर समूहको पोषणमा सुधार गर्ने रणनीति रहेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले बालबालिकाको अध्ययन निरन्तरताका लागि दिवा खाजाको व्यवस्था, विद्यालयमा नियमित स्वास्थ्य, पोषण र सरसफाई सचेतना कार्यक्रम स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धि आधारभुत ज्ञान, तालिम अभिमुखीकरण कार्यक्रम संचालन गर्ने क्रियाकलाप समेटेको छ।

राष्ट्रिय पोषण रणनीति २०७७ ले सबै प्रकारका कुपोषणलाई सम्बोधन गर्न स्वास्थ्य क्षेत्र मार्फत पोषण विशेष र पोषण संवेदनशील सेवामा पहुँच बढाई नवजात शिशु, बालबालिका महिला तथा किशोरकिशोरीमा हुने सबै प्रकारका कुपोषणलाई उल्लेखनीय रुपमा घटाएर पोषण अवस्थामा सुधार ल्याउने लक्ष्य लिएको छ।

पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ ले स्थानीय तहको शासकीय प्रवन्धमा पोषणको विषयलाई मूलप्रवाहीकरण गर्न पोषणमैत्री स्थानीय शासनको अवधारण अगाडी सारेको छ।

पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका, २०७९ ले स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गरी गुणस्तरीय र प्रभावकारी पोषण विशेष सेवा प्रवाह गर्न सक्षम बनाउने अपेक्षा राखेको छ।

**वर्तमान अवस्थाः**

नेपालमा कुपोषणको अवस्था नेपाल जनसाङ्खियक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार नेपालमा ५ वर्षमुनिका बालबालिकामा हुने पुड्कोपन २५ प्रतिशत, कम तौल १९ प्रतिशत र ख्याउटेपन ८ प्रतिशत रहेको छ। यस्तै ६-५९ महिनाका बालबालिकामा हुने रक्तअल्पताको दर ४३.० प्रतिशत रहेको छ। कर्णालीमा निम्मानुसारको कुपोषणको अवस्था प्रतिशतमा हेर्दा पुड्कोपन ३५.८, ख्याउटेपन ३.८, कमतौल १७.७ र रक्तअल्पता ३९.७ रहेको छ।

**उद्देश्यहरु**

- सबै बालबालिकाको पोषण युक्त खाना तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नु।
- पोषणमैत्री उम्मुख गाउँपालिका निर्माण गर्नु।

**रणनीतिः**

- स्थानीय बहुक्षेत्रीय पोषण योजना तयार गरी लागु गरिने छ।

- गाउँपालिकाको पोषणसम्बन्धी वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गरिने छ ।
- पोषण सम्बन्धि अभियान सञ्चालनका लागि विद्यालय निजी क्षेत्र, सामुदायिक संस्था, बालबालिका तथा किशोरकिशोरका क्लबहरू, समूह सञ्जाल र नागरिक समाजलाई परिचालन गरिने छ ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका र लक्ष्य प्राप्तिका लागि गैरसरकारी संस्थासँग समन्वय तथा परिचालन गरिने छ ।
- यस गाउँपालिकालाई पुर्ण रुपमा पोषणमैत्री गाउँपालिका बनाउनका लागि पोषणमैत्री गाउँपालिकाको अवधारणा कार्यान्वयन गरिने छ ।
- स्थानीय उत्पादनको महत्व पौष्टिकताको विषयलाई समेटेर छोटो सचेनामुलक पाठ्यक्रम समावेश गरिने छ ।
- विद्यालय, समुदाय स्तरमा पोषण सम्बन्धि छलफल जनचेतना कार्यक्रम संचालन गरिने छ ।
- स्थानीय रैथाने बिउ बिजनको उत्पादनमा जोड दिने र भण्डारणको व्यवस्था गरिने छ ।
- स्थानीय रैथाने बालीको संरक्षण र प्रवर्द्धन गरी समुदायलाई उपभोग गर्न प्रोत्साहित गरिने छ ।
- प्रत्येक घरमा अनिवार्य रुपमा करेसाबारी, फलफुल तथा कुखुरापालन अनिवार्य गरिने छ यसका लागि गैरसरकारी संस्थाको सहयोग र सहकार्यमा आवश्यक सहयोग तालिम प्रदान गरिने छ ।
- पोषण सम्बन्धि सचेतनामूलक पर्चा, पम्पलेट, बुलेटिनहरु प्रकाशन गरिने छ ।
- हरेक वर्ष सुचकका आधरमा पोषण सम्बन्धि सूचक प्राप्त भए नभएको अनुगमन मुल्याङकन गरी आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिने छ ।
- यस गुरु योजना लागु भएपछि कुनै पनि विद्यालयमा दिवा खाजामा (जङकफुड) खुवाउने पुर्ण रुपमा निषेघ गरिने छ ।

**उपलब्धी तथा नतिजा**

- सबै बालबालिकाको पोषणमा सुधार भएको हुने ।
- गाउँपालिकालाई पोषणमैत्री स्थानीय शासनको रुपमा स्थापित भएको हुने ।
- स्वास्थ्य, पोषण, खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि व्यवहार र अभ्यासमा सकारात्मक परीबर्तन भएको हुने ।
- गाउँपालिकाको पोषणमैत्री प्रणालीको संस्थागत विकास भई सेवा प्रवाह भएको हुने ।

प्रमुख क्रियाकला तथा लक्ष्यहरु

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गाउँ/ स्तरीय निर्देशक समिति गठन तथा अभिमुखीकरण | | | | | | | | |
| २ | वडास्तरीय सहजीकरण तथा कार्यान्वयन समिति गठन तथा अभिमुखीकरण | | | | | | | | |
| ३ | स्थानीय बहुक्षेत्रिय पोषण योजना निर्माण क्षमता विकास कार्यशाला | | | | | | | | |
| ४ | स्थानीय तहको पोषण पार्श्वचित्र तयार गरी नियमित अद्यावधिक | | | | | | | | |
| ५ | पोषण सम्बन्धि तालिम | | | | | | | | |
| ६ | गरीबी रेखामुनी रहेका परिवारलाई तरकारी खेतीका लागि तालिम र बीउ फलफुलका विरुवा वितरण | | | | | | | | |
| ७ | गरीबी रेखामुनी रहेका परिवारलाई कुखुरा सहयोग | | | | | | | | |
| ८ | विद्यालयमा पोषण सम्वन्धि सचेतना कार्यक्रम | | | | | | | | |
| ९ | पोषण सम्बन्धि सामुदायिक सचेतना | | | | | | | | |
| १० | पोषणयुक्त भएका परिवार तथा समुदाय घोषणा | | | | | | | | |
| ११ | पोषण प्रोफाईलको तयारी, अद्यावधिक, | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिकीकरण गर्ने | | | | | | | | | |
| १२ | पोषण सम्बन्धी श्रव्य दृष्य सामग्री उत्पादन र प्रशारण | | | | | | | | | |
| १३ | पोषण मैत्री वडा घोषणा | | | | | | | | | |
| १४ | बहुक्षेत्रीय पोषण सम्बद्ध सबै सरोकारवाला, सरकारी तथा गैरसरकारी निकायहरूबीच समीक्षा बैठक | | | | | | | | | |

## सामाजिक कुरीति कुसंस्कार ( बाल विवाह, छाउपडी, छुवाछुत, घरेलु हिंसा

**परिचय:**

नौमुले गाउँपालिकामा परम्परागत हानिकारक प्रथा जस्तै बाल विवाह, छाउपडी, घरेलु हिंसा छुवाछुत चलिरहेको छ । समयको विकासक्रम नेपाल सरकार, स्थानीय तह तथा बिभिन्न संघसंस्था, राजनैतिक दल समाजसेवीको पहलमा त्यस्ता सामाजिक हानिकारक प्रथा कमी आएता पनि त्यसको अन्त्य भएको छैन जुन अन्त्य गर्न जरुरी रहेको छ । पहिला बाल विवाह अभिभावक तथा नातेदारले गरिने प्रचलन रहेको थियो, जुन क्रमिक रुपमा धेरै सुधार भएको देखिन्छ । तर बदलिदो परिस्थिति सूचना प्रविधिको विकास र प्रयोगले बालबालिकाहरुमा देखासिखीका कारण बाल विवाह बढेको देखिन्छ । कानूनले नै बाल विवाहलाई प्रतिबन्ध लगाएकाले अभिभावकहरुले कानूनले सजाय दिन्छ भनि डरका कारण अभिभाबकहरुले गरि दिने विवाहमा कमी आएको देखिन्छ ।

**बाल विवाह**

नेपालको कानूनले २० वर्ष नपुगी गरीने विबाहलाई बाल विवाह भनिएको छ र यो निषेध गरिएको छ । बालबालिकाको शिक्षा, प्रजनन स्वास्थ्य र बाल अधिकारलाई ध्यानमा राखी नेपालको मुलुकी अपराध संहिता २०७४ ले विवाहको लागि २० वर्षको न्युनतम उमेर तोकेको छ । मुलुकी अपराध संहिता ऐन २०७४ अनुसार २० वर्ष नपुगी विवाह गरे वा गराए विवाह स्वतः बदर हुन्छ र ३ वर्षसम्म कैद सजाय र ३० हजार जरीवान हुन्छ ।

बाल अधिकार ऐन २०७५, राष्ट्रिय बालबालिका नीति २०८० र बालबालिकाका सम्बन्धी नियामावली २०७८ र बाल विवाह अन्त्यका लागि रणनीति २०७२, कर्णाली प्रदेशको बाल विवाह अन्त्य सम्बन्धि रणनिति, २०८२ बाल विवाह अन्त्यका लागि कार्यान्वयनमा रहेको छन ।

**बाल विवाहको अवस्था**

नेपाल जनसाङख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार कर्णाली प्रदेशमा २१ प्रतिशत बालिका १९ वर्ष नपुग्दै आमा बन्ने गरेका छन । राष्ट्रिय बाल अधिकार परिषदले सन २०२१ मा गरेको गरेका अध्ययन अनुसार कर्णाली प्रदेश कूल ७९ मध्ये ७० वटा स्थानीय तहमा १७७२ वटा बाल विवाहको घटना भएको पाईएको थियो, जुन सर्वेक्षणमा देखिएको विवाहको कूल जनसंख्याको ३८.०६ प्रतिशत हुन आउँदछ । त्यसैगरी, २०७६/२०७७ मा ३१० स्थानीय तहमा ६१४२ वटा बाल विवाह भएको पाईएकोमा कर्णाली प्रदेशमा मात्र २५७३ वटा बाल विवाह भएका थिए । विशेष गरी विपन्न समुदाय, दलित, जनजाति, निरक्षर व्यक्ति लगायत भौगोलिक रुपमा विकट क्षेत्रमा बसोबास गर्ने समुदायमा बाल विवाह उच्च रहेको पाईयो । त्यसै गरी नौमुले गाँउपालिकामा पनि बालविवाहको अवस्था उच्च रहेको छ ।

छाउपडी प्रथा नेपालको विशेष गरी सुदूरपश्चिम र मध्यपश्चिम क्षेत्रमा प्रचलित एक हानिकारक सामाजिक तथा धार्मिक कुप्रथा हो, जसअनुसार महिनावारी वा सुत्केरी भएका महिला तथा किशोरीहरूलाई अशुद्ध वा 'नछुने' मानिन्छ । यो प्रथाले महिलाहरूलाई सामान्य पारिवारिक तथा सामाजिक गतिविधिहरूबाट वञ्चित गरी एकान्त स्थानमा बस्न बाध्य पार्छ । कानुनी रूपमा दण्डनीय भएता पनि गहिरो रुपमा जरो गाडेको सामाजिक विश्वास र अन्धविश्वासका कारण नेपालका केही क्षेत्रमा यो प्रथा अझै पनि कायम छ । सरकारले सर्वप्रथम २०६४ सालमा छाउपडी प्रथा उन्मूलनका लागि निर्देशिका ल्याएको थियो । यसैगरी मुलुकी अपराध संहिता, २०७४ यस संहिताको दफा १६८ (३) ले छाउपडीमा राख्ने वा सो सम्बन्धी कुनै भेदभावपूर्ण व्यवहार गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । नौमुले गाउँपालिकाको पनि कुनै कुनै वडाका केही बस्तिहरुमा अझै पनि यो प्रथा बिद्यमान रहेको पाईन्छ ।

**उद्देश्यहरु:**

- नौमुले गाउँपालिकालई बाल विवाह मुक्त गाउँपालिकाका रुपमा स्थापित गर्नु ।
- सामाजिक कुरीति हानिकारक प्रचलनको अन्त्य गर्नु ।
- सामाजिक कुरीति हानिकारक प्रथा बाल विवाह अन्त्यका लागि संस्थागत सुदृढीकरण, नीतिगत व्यवस्था गर्नु ।
- विद्यमान सामुदायिक, विद्यालयहरुको सबलीकरण, सशक्तिकरण गरी सामाजिक जनचेतना अभियान मार्फत बालविवाह हानिकारक प्रथाको अन्त्य गर्नु ।

**रणनीति:**

- नौमुले गाउँपालिकालाई बाल विवाह अन्त्यका लागि रणनीति तयारी गरी आ.व २०८३/२०८४ देखि लागु गरिने छ ।
- गाउँपालिकाको कार्यालयसम्म बाल विवाहको जोखिमा रहेका बालबालिकाका लागि Rapid Respose investation and reporting सेवा/प्रणाली संचालन गरिने छ ।

- वडा कार्यालय विद्यालय स्वास्थ्य चौकीको अगुवाई बस्ती स्तरमा बाल विवाह हुन नदिन निगरानी समुह गठन गरी अनुगमन र नियमन गरिने छ ।
- गाउँपालिका भरी विवाह गर्दा केटा र केटीको अनिवार्य रुपमा उमेर कार्ड छापि नियम बनाई प्रभावकारी अनुगमन र नियम गरिने छ ।
- विद्यालय तहमा अतिरिक्त क्रियाकलाप अन्तगरगत बालविवाह, छाउपडी जस्ता हानिकारक प्रचालन सम्बन्धि अतिरिक्त क्रियाकलाप संचालन गरिने छ ।
- छाउगोठमा बस्ने परिवारको तत्थ्याङ्क संकलन गरी आश्यकता अनुसारको योजना निर्माण गरिने छ ।
- महिनावारीलाई मर्यादित परिवार तथा ब्यक्तिलाई प्रोत्साहन तथा पुरस्कृत गरिने छ ।
- छाउपडीको बिषयमा हरेक बर्ष गाउँपालिकामा सामाजिक परिक्षण गरिने छ ।
- विद्यालयहरुमा बालबालिकाको अधिकार लक्ष्य निर्धारण र जीवन उपयोगी सीप सम्बन्धि अभिमुखीकरण संचालन गर्नुपर्ने छ ।
- विद्यालयमा बाल विवाह हुन सक्ने जोखिममा रहेका बालबालिकाको पहिचान गरी त्यस्ता बालबालिकालाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।
- बालविवाह अन्त्यका लागि प्रभावकारी सञ्चार मध्यमबाट स्थानिय एफएम, विद्यालयहरुमा भित्ते पत्रिका प्रकाशन, बालबालिकाहरुको पहुँच हुने खालका संचार माध्यमहरु प्रयोग गरी प्रचार प्रसार गर्ने छ ।
- पुरोहित धार्मिक गुरुहरुको सञ्जाल निर्माण गर्ने क्षमता विकास गरी परिचालन गर्ने ।
- बाल विवाह छाउपडी न्यूनीकरण अभियान संचालनका लागि टोल विकास संस्थाहलाई परिचालन गरिने छ ।
- प्रहरी समुदाय साझेदारी कार्यक्रम अन्तरगत बाल विवाह, छाउपडी, हानिकारक प्रथा आदि अन्त्य गर्नका लागि जनचेतना, कानूनी सचेतना परामर्श कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिकाकाले मनोसामाजिक परामर्श सेवा प्रदान गर्नका लागि मनोपरार्शकर्ता नियुक्त गरी परिचालन गर्ने छ ।
- सबै विद्यालयमा नियमति रुपमा यौन तथा प्रजनन स्वास्थ्य शिक्षाबारे कक्षा लिने व्यवस्था मिलाईने छ ।
- हिंसा पिडित बालबालिकाको संरक्षण मनोपरामर्श, उद्धारका लागि गाउँपालिकामा बालकोषको स्थापना गरिने छ ।
- गाउँपालिकामा आवश्यक सङख्यामा बालमनोविज्ञहरु नियुक्ति गर्ने र विद्यालय टोल-टोल बस्ती-बस्तीमा गएर बाल विवाह अन्त्यका लागि परामर्श सेवा प्रदान गर्ने योजना बनाई कार्यान्वयन गर्ने ।

**अपेक्षित नतिजा**

- बाल विवाह मुक्त गाउँपालिकाको रुपमा स्थापित गर्नु ।
- नौमुले गाउँपालिकामा छाउपडी प्रथाको अन्त्य गर्ने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | बाल विवाह, छाउपडी अन्त्य कार्ययोजना निर्माण | | | | | | | | |
| २ | गाउँपलिका र वडा स्तरमा निगरानी समुह क्षमता विकास तथा परिचालन | | | | | | | | |
| ३ | धार्मिक गुरु संजाल निर्माण तथा परिचालन | | | | | | | | |
| ४ | धार्मिक गुरु संजालका सदस्यहरुको क्षमता विकास | | | | | | | | |
| ५ | विद्यालय समुदायमा जनचेतना कार्यक्रम | | | | | | | | |
| ६ | बाल विवाह, छाउपडी सम्बन्धि सचेतना पुस्तिका निर्माण तथा कार्यान्वयन | | | | | | | | |
| ७ | दौतरी शिक्षा कार्यक्रम संचालन | | | | | | | | |
| ८ | महिला सञ्जाल, बाल संजाल, दलित संजालको क्षमता विकास तथा परिचालन | | | | | | | | |
| ९ | बाल विवाह, छाउगोठ हिंसा नभएको घर पहिचान तथा सम्मान | | | | | | | | |
| १० | बिभिन्न दिवस मनाउने | | | | | | | | |
| ११ | कानूनी सचेतना कार्यक्रम संचालन | | | | | | | | |
| १२ | बाल विवाह छाउपडी | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्मेलन | | | | | | | | |
| १३ | बाल विवाह छाउपडी न्यूनीकरणमा अभियानमा संलग्न नमुना पुरोहितलाई सम्मान कार्यक्रम | | | | | | | | |

## पाठ्यक्रम तथा पाठ्य सामग्री

**परिचयः**

राष्ट्रिय पाठ्यक्रम २०७६ ले निर्दिष्ट गरे बमोजिम शैक्षिक सत्र २०७७ साल देखि सबै स्थानीय तहले आधारभुत तह (कक्षा १–८) स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गरी पठन पाठन गर्नुपर्ने व्यवस्था छ। परिवर्तित संरचना तथा भुमिका अनुसार माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई भएको हुँदा स्थानीय तहले आफ्नो परिवेश तथा आवश्यकता अनुसारको आधारमा स्थनीय पाठ्यक्रम निर्माण गर्न सक्ने प्रावधान रहेको छ।

उपर्युक्त नीतिगत व्यवस्था तथा स्थानीयको आवश्यकताको आधारमा यस नौमुले गाउँपालिकाले बालबालिका तथा किशोरीको सवाल मुद्धालाई पहिचान गरी सोही अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि यो गुरुयोजनामा समावेश गरेको छ।

**वर्तमान अवस्था**

नौमुले गाउँपालिकाको शिक्षा ऐन २०७८ को परिच्छेद ६ मा गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने अधिकार रहेको छ। ऐनको दफा (४) नौमुले गाउँपालिकाको पहिचान हुने पाठ्यक्रम निर्माण गरी विद्यालयमा लागु गर्नु पर्नेछ भनी व्यवस्था गरेको छ। सोही अधिकारको प्रयोग गरी नौमुले गाउँपालिकाले ........ नामक स्थानीय पाठ्क्रम तयार गरी लागु गरेको छ।

विद्यालयको पाठक्रम (कक्षा ६–८) मा विषय क्षेत्र ३ सामाजिक सुधार अन्तरगत विषयवस्तुमा असल समाजका बाधक दुर्व्यवहार छाउपडी विषयवस्तु र असल समाज निर्माणमा संघसंस्थाको भूमिका विषयवस्तु समावेश गरेका देखिन्छ। कक्षा ८ को स्वास्थ्य तथा शारिरीक शिक्षा पाठ ५ मा किशोरावस्था यौन तथा प्रजनन स्वास्थ्य र कक्षा ९ को एकाई ३ मा वृहत यौनिक शिक्षा सम्बन्धि सामग्री समावेश गरिएको छ।

माथि उल्लेखित विषयवस्तु अवधारणामा बढी केन्द्रित भएको देखिन्छ, जसले बालबालिकालाई अवधारणगत र केही जीवन उपयोगी सीप सम्बन्धि ज्ञान र सिपमा अभिवृद्धि भएको छ। समाजमा जरा गाडिएका हानिकारक प्रथा चाल चलन, समस्या, प्रथा जसले बालबालिकाको समग्र अधिकारलाई कुण्ठित गर्दछ, त्यस्ता हानिकारक प्रथालाई न्यूनिकरण गर्न अझ व्यापक सचेतनाको आवश्यकता देखिन्छ। नौमुले गाउँपालिकामा बाल विवाह र छाउपडी प्रथा व्यापक रुपमा विद्यमान रहेको देखिन्छ।

यसकारण नौमुले गाउँपालिकाले बाल विवाह र छाउपडी प्रथा सम्बन्धि छाटो सचेतनामुलक पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गर्न यो गुरुयोजनमा योजनाको रुपमा समावेश गरेको छ ।

**कार्ययोजना**

| पाठ्यक्रम | शैक्षिक सत्र २०८३ | शैक्षिक सत्र २०८४ | शैक्षिक सत्र २०८५ | |
|---|---|---|---|---|
| बाल विवाह | तयारी परीक्षण | लागु | | |
| छाउपडी | | तयारी परीक्षण | लागु | |
| | | | | |

**उद्देश्यहरु**

- हानिकारक प्रथा बाल विवाह छाउपडी घरेलु हिंसा सम्बन्धि सचेतनामुलक छोटो पाठ्यक्रम निर्माण गर्नु ।
- सबै विद्यालयमा अतिरिक्त क्रियाकलाप समावेश गरी पठनपाठन तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नु ।

**रणनीति:**

- पाठ्यक्रम निर्माणका लागि आवश्यक नीतिगत, स्रोत तथा दक्ष जनशक्ति पहिचान गरिने छ ।
- शिक्षक तथा अभिभावकको क्षमता विकास गरिने छ ।
- पाठ्यक्रमको प्रभावकारीता अध्ययन अनुगमन तथा मुल्याङ्कन गरिने छ ।

**उपलब्धि नतिजा**

स्थानीय पाठ्क्रम निर्माण तथा पाठ्यपुस्तक निर्माण भएको स्थानीय पाठ्क्रम निर्माण तथा पाठ्यपुस्तक लागु भएको छ ।

**प्रमुख क्रियाकला तथा लक्ष्यहरु**

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यदल गठन | | | | | | | | |
| २ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यशाला | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पाठ्यक्रम तथा पाठ्यपुस्तक अन्तिम रुप दिई अनुमति तथा प्रमाणीकरणका लागि कार्यपालिकाकाबाट स्वीकृत गर्ने | | | | | | | | |
| ४ | शिक्षक तथा अभिभावकसंग अन्तरक्रिया | | | | | | | | |
| ५ | पाठ्यक्रम प्रभावकारीताको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन | | | | | | | | |

## बलबालिका, किशोरी क्षमता विकास र सहभागीता

### परिचयः

बालबालिका वर्तमानमा विकासका साझेदार र भविष्यका कर्णधार हुन । भविष्यमा देशमा नेतृत्व विकास गरी देशलाई विकाससिल समृद्धि दिशातिर लैजान सक्ने अहिलेका बालबालिका नै हुन । यसकारण वर्तमान अवस्था वा विद्यालय स्तरमा उनीहरुको ज्ञान सीप दक्षता तथा नेतृत्व विकास गर्न जरुरी छ । बाल अधिकारका चार खम्बा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागीता हुन । बाल यि चार वटै अधिकारको कार्यान्वयन गरी बालबालिकाको सर्वोत्तम हितलाई सुनिश्चित गर्न जरुरी देखिन्छ । यसै गरी बाल अधिकार ऐन २०७५ को परिच्छेद २ को दफा ८ मा सहभागीता अधिकार अन्तरगत आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुने व्यवस्था गरिएको छ, त्यसैगरी बालबालिका सम्बन्धिको नियमावलि २०७८ को परिच्छेद २ को दफा ३ मा बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि बालबालिकाले बाल क्लब वा संस्था खोल्न सक्ने व्यवस्था गरेको छ ।

नेपालको संविधान २०७२ जारी भएसंगै देश संघीय शासन प्रणालीमा प्रवेश गरेको छ । स्थानीय तह आफैमा एउटा सरकार भएको र यसका आफनै शासकीय अङगहरु जस्तै कार्यपालिका, न्याय समिति, गाउँ सभाहरु छन । कार्यपालिकाले कार्यकारणी भुमिकामा छ भने, न्याय समितिले स्थानीय स्तरमा मेलमिलाप मार्फत विवाद समाधान गरी न्याय दिने हो । यसै गरी स्थानीय तहमा आवश्यक कानून, नीति, नियम, बार्षिक नीति तथा कार्यक्रम, बजेट जस्ता महत्वपुर्ण नीतिगत निर्णय गाउँ सभाले बनाउँदछ । स्थानीय तहमा ती निति नियम निर्माण, कार्यक्रम तथा बजेट निर्माण र विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघमा बालबालिको पदीय भूमिका छैन र ती

संरचनाले बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनका नीतिगत निर्णय वा योजना निर्माण प्रक्रिया बालबालिकाको सहभागीता सुनिश्चित गरिनुपर्ने व्यवस्था कानूनमा उल्लेख गरिएको छ । यसकारण बालबालिकालाई सहभागीता गराउन जरुरी छ ।

**वर्तमान अवस्था**

नौमुले गाउँपालिकाले बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धि एकीकृत कार्यविधि २०८२ तयार गरी कार्यान्वयनमा ल्याएको छ । यही कार्यविधि अन्तरगत गाउँपालिकामा बाल अधिकार समिति र ३ वटा वडामा बाल अधिकार समिति गठन भएको छ भने बाँकी ५ वटा वडामा समिति गठन गर्ने योजना रहेको छ ।

**उद्देश्यहरु:**

- बालबालिकाको क्षमता विकास सङगठित गरी सहभागीताको अधिकार सुनिश्चित गर्नु ।
- बालबालिकाको नेतृत्व विकास गरी रचनात्मक क्रियाकलापमा सहभागी गराउन सहजीकरण गर्नु ।
- बालबालिकालाई असर गर्ने निर्णय हुने ठाउँ प्रक्रियामा सहभागीताका लागि आवश्यक सहयोग तथा सहजीकरण गर्नु ।

**रणनीति:**

- सबै क्षेत्र ठाउँमा बाल भेला मार्फत बाल क्लव गठन तथा परिचालन गरिने छ ।
- बालबालिकाको क्षमता विकासका क्रियाकलाप संचालन गरिने छ ।
- गाउँपालिका अध्यक्षसंग बालबालिकाको सवालमा छलफलका लागि बाल संवाद कार्यक्रम संचालन गरिने छ ।
- बालबालिकाको समस्या, भोगाई अनुभव लक्ष्य सृजनात्मक कार्य सम्वन्धि कुरा माग राख्न गाउँपालिकामा बाल हेल्पलाईन कक्ष शुरु गरिने छ ।
- बाल भेला मार्फत बालबालिकाको माग सम्बोधन गरी वार्षिक योजना तर्जुमा, नीति नियम बजेट निर्माण र समावेश गरिने छ ।

**उपलब्धि नतिजा**

- बालबालिका सङगठित भई बाल अधिकारको आधारभुत अधिकार प्रयोग गरेको अनुभुति भएको हुने ।
- स्थानीय तहको योजना तर्जुमा नीति नियम तथा कार्यक्रम निर्माण क्षेत्रमा अर्थपूर्ण सहभागीता भएको हुने ।
- स्थानीय बालमैत्री उन्मुख गाउँपालिकाको रुपमा स्थापित भएको हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु**

| क्र.स. | क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | बाल क्वल /सञ्जालको दर्ता तथा परिचालन कार्यविधि निर्माण | | | | | | | | |
| २ | वार्षिक बाल भेला | | | | | | | | |
| ३ | समुदाय, विद्यालय, वडा, गाउँपालिका स्तरमा बाल क्लव/सञ्जालको गठन तथा सबलीकरण | | | | | | | | |
| ४ | बाल क्लव/सञ्जालको वार्षिक क्षमता विकास कार्ययोजना निर्माण तथा क्षमता विकास | | | | | | | | |
| ५ | सृजनात्मक क्रियाकलाप संचालन | | | | | | | | |

## समुदाय संलग्नता तथा परिचलन

### परिचय

बालबालिकाको शैक्षिक सुधारका लागि अभिभावकहरुको परिचालन र सहभागीता महत्वपुर्ण रहेको छ । धेरै जसो समय बालबालिकाले घरमा बिताउने गर्दछन । विद्यालयको पढाईपछि बालबालिकाहरु घरमै फर्कने र बिद्यालयमा दिएको गृहकार्य गर्ने तथा थप अध्ययन गर्नुपर्दछ । तसर्थ बालबालिकाको पढाइको सुधारका लागि घर र समुदायमा पढाई वातावरण आवश्यकता पर्दछ र त्यसका लागि अभिभावकले त्यस्तो वातावरण सिर्जना गरीदिनु पर्ने हुन्छ ।

### वर्तमान अवस्था

नौमुले गाउँपालिकाको शिक्षा ऐन २०७८ परिच्छेद ५ को दफा ३४ मा सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा विद्यालयको गुणस्तर वृद्धि तथा विद्यालयको व्यवस्थापन तथा नियमन सम्बन्धी अधिकारको प्रावधान रहेको छ, यसैगरी परिच्छेद ५ को दफा ३५ मा शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाको दफा ६ को उपदफा (२) बमोजिम काम, कर्तव्य र अधिकार अन्तरगत बुदा नं. (ग) मा विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बिच नियमित अन्तरक्रिया गर्ने व्यवस्था गरिएको छ ।

वर्तमान अवस्थामा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको विद्यालयमा अनुगमन बालबालिकाको पढाई सिप अभिवृद्धि गर्न विद्यालय र अभिभावकको संलग्नता र परिचालन भएको देखिदैन । अझ विद्यालय व्यवस्थापन समिति केही मात्र रुपमा सक्रिय देखिएता पनि शिक्षक अभिभावक संघ सक्रिय देखिएको छैन । त्यसैगरी अभिभावकहरु आफ्ना बालबालिकाको शैक्षिक उपलब्धी तथा विद्यालयमा निरन्तरता कस्तो रहेको छ भनी विद्यालय सम्म गई शिक्षकसंग आफ्ना बालबालिकाको प्रगतिका बारेमा छलफल गर्ने अभ्यास नै छैन भने अर्को तिर विद्यालय स्तरमा पनि शैक्षिक सुधार, बालबालिकाको प्रगतिको अवस्था तथा समग्र विद्यालयको सुधारका लागि अन्तर्क्रिया, छलफलको अभ्यास गरेको पाईदैन । यस्तो अवस्थामा बालबालिकाको शैक्षिक सुधारका लागि समुदायको संलग्नता जरुरी देखिन्छ ।

**उद्देश्यहरु**

- विद्यालय प्रशासनको क्षमता विकास गर्नु ।
- बालबालिकाको पढाई सीप तथा शैक्षिक उपलब्धि वृद्धिका लागि समुदायको संलग्नता अभिवृद्धि गर्नु ।
- समुदाय स्तरमा बालबालिकाको पढाई वातावरण सिर्जना गर्नका लागि अभिभावकको संलग्नतामा वृद्धि गर्नु ।

**रणनीतिः**

- शिक्षक, विद्यालय व्यवस्थापन समितिहरुको क्षमता विकास गरी परिचालन गरिने छ ।
- समुदाय स्तरमा पठन सिप वृद्धि तथा शैक्षिक गतिबिधिका बारेमा जनचेतना अभिवृद्धि गरिने छ ।
- समुदाय स्तरमा बालबालिकाको पढाई वातावरण सिर्जना गर्नका लागि धरमा पढाई कुना स्थापना अभियान सञ्चालन गरिनेछ ।
- समुदाय स्तरमा कोचिङ कक्षा सञ्चालन गरिने छ ।
- समुदायमा पठन सिप तथा शैक्षिक जागरणका लागि पढाई मेला, शैक्षिक महोत्सव, शैक्षिक प्रतिस्पर्धा जस्ता क्रियाकलाप संचालन गरिने छ ।
- बालबालिकाको सिकाई उपलब्धि बृद्धि गर्न पठन संस्कृति, अभिवृद्धि गर्न सामुदायिक सिकाई केन्द्रसंग सहकार्य तथा समन्वय र परिचालन गरिने छ ।
- शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा विद्यार्थीविच बालबालिकाको समग्र सिकाई उपलब्धिको बारेमा कार्यक्रम आयोजना गरिने छ ।
- विद्यालय र समुदायविच सहकार्यका लागि शिक्षक अभिभावकसंगको संयोजकत्वमा समिति निर्माण गरी बालबालिकाको शैक्षिक उपलब्धिका बारेमा अन्तरक्रिया संचालन गरिने छ ।

- कम्तीमा त्रैमासिक रुपमा बि.व्य.स., शि.अ.सं.द्वारा बालबालिकाको शैक्षिक अवस्था बुझ्न घरदैलो अभियान सञ्चालन गरिने छ ।
- समुदाय स्तरमा बालबालिकालाई पढ्नका लागि समुदाय पुस्तकालयको अवधारणा ल्याई कार्यान्वयन गरिने छ ।
- बालबालिकाको शिक्षामा योगदान गर्ने अभिभावकलाई उत्कृष्ट सम्मान गाउँपालिकाले गर्ने छ ।

**उपलब्धि नतिजा**

- पढाई शिक्षा सम्बन्धि अभिभावकहरुको सचेतना वृद्धि भएको हुने ।
- बालबालिकाको पढाईका लागि घरमा उपयुक्त वातावरण सृर्जना भएको हुने ।
- समुदाय स्तरमा पढाईका लागि बिभिन्न शैक्षिक गतिबिधि आयोजना भएको हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु**

| क.स. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | समुदाय स्तरमा पढाइ समूह गठन गरी परिचालन गर्ने | | | | | | | | |
| २ | समुदायमा कोचिङ कक्षा संचालन | | | | | | | | |
| ३ | समुदायमा पठनसीप तथा शैक्षिक जागरणका लागि पढाई मेला, शैक्षिक महोत्सव | | | | | | | | |
| ४ | समुदाय स्तरमा बालबालिकाको शैक्षिक उपलब्धीको बारेमा छलफल | | | | | | | | |
| ५ | कम्तीमा त्रैमासिक रुपमा बि.व्य.स., शि.अ.सं.द्वारा बालबालिकाको शैक्षिक अवस्था बुझ्न घरदैलो गर्ने | | | | | | | | |
| ६ | घरमा पढाई कुना स्थापना | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने | | | | | | | | | |
| ७ | उत्कृष्ट अभिभावकलाई सम्मान गर्ने | | | | | | | | | |

## परिच्छेद ५ बाल अधिकार तथा बाल कल्याण सम्बन्धित संस्थागत क्षमता विकास

परिचयः

नेपालको संविधानको धारा ३९ बालबालिकाको हकमा बाल अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसै गरी धारा ३१ मा शिक्षालाई मौलिक हकको व्यवस्था गरेको छ । उक्त मौलिक अधिकार कार्यान्वयन गर्नका लागि सरकारले बाल अधिकार सम्बन्धिको ऐन, २०७५ तथा बालबालिका सम्बन्धि नियामावली, २०७८ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त ऐनमा व्यवस्था भए बमोजिम बाल अधिकार संरक्षण र बाल कल्याणसंग सम्बन्धित कार्य गर्नका लागि हरेक स्थानीय तहमा संस्थागत संरचना तथा कार्यको परिकल्पना गरेको छ ।

नीतिगत व्यवस्थाः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ अन्तरगत वडा समितिको काम, कर्तव्य र अधिकार उप दफा २ विकास कार्य अन्तरगत बाल क्ला तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने
- प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिका उपाध्यक्षले तोकेको त्यस्तो गाँउ कार्यपालिकाले तोकेको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहने छ ।
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहनेछ ।
- समाजसेवी तथा बाल मनोविज्ञमध्येबाट स्थानीय तहमा बाल संरक्षण सम्बन्धि कार्य तथा सेवा प्रवाह गर्नका लागि आवश्यक संख्यामा समाजसेवी तथा बाल मनोविज्ञ नियुक्त गर्न सकिनेछ।
- बालबालिकाकालाई तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपुर्ति प्रदान गर्ने काम समेतका लागि एक बाल कोष रहने छ।

**वर्तमान अवस्था**

नौमुले गाउँपालिकाले बाल अधिकार अधिकार संरक्षण तथा प्रवर्द्धन सम्वन्धि एकीकृत कार्यविधि २०८२ तयार गरी कार्यान्वयनमा ल्याएको छ । सोही कार्यविधि अनुरुप गाउँपालिका स्तरमा बाल अधिकार समिति तथा ३ वटा वडामा बाल अधिकार समिति गठन गरिएको छ भने थप ५ वटा वडामा गठन गर्न बाँकी रहेको छ । यस स्थानीय तहमा बाल क्वल गठन तथा परिचालन कार्यविधि तयार भएको छैन भने बालबालिकाको समग्र विकास तथा बाल अधिकार संरक्षण र बाल अधिकार ऐन २०७५ र निमावली, २०७८ कार्यान्वयन कार्यन्वयनका लागि स्थानीय तहमा कार्ययोजना निर्माण भएको देखिदैन ।

**उद्देश्यहरु:**

- स्थानीय तहमा बाल अधिकार संरक्षण र प्रवर्द्धन कार्यका लागि संस्थागत तथा नीतिगत संरचना तयार गर्नु ।

**रणनीति:**

- सबै वडामा बाल अधिकार समिति गठन गरी क्षमता विकास गरिने छ ।
- बालबालिकाको अवस्था विश्लेषण सहितको बालबालिका पाश्वचित्र child profile तयार गरिने छ ।
- बाल क्लव गठन तथा सहजीकरण कार्यविधि निर्माण गरी बालबालिकाको नेतृत्व विकास गरिने छ ।
- गाउँपालिका, वडा, समुदाय, विद्यालय स्तरमा बाल क्लव गठन, क्षमता अभिवृद्धि गरिने छ ।
- हरेक वर्ष बाल भेलाको आयोजना गरी बालबालिकाको मुद्दा सवाल पहिचान गर्ने, क्षमता विकास गर्न अनि ती सवाल सम्बोधन सहितको घोषण पत्र तयार गरी जारी गर्ने अनि स्थानीय तहको नीति निर्माण बजेट निर्माण सोही बमोजिम गर्ने ।
- विद्यालय तहको नीति निर्माण प्रक्रियामा बालबालिकाको सहभागीता सुनिश्चित गरिने छ ।
- बालबालिकाको सवालमा स्थनीय नीति निर्माणकर्ता विद्यालय, सामुदायिक अगुवासंग बाल संवाद सञ्चालन गरिने छ ।
- बाल अधिकार समितिको नियमित बैठक बसी बालबालिकाको सवाल समस्या पहिचान गरी तथ्यमा आधारित नीति तथा बजेट निर्माण गरिने छ ।
- हरेक वर्ष बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन तयार गरी प्रकाशन गरिने छ ।
- (५) समाजसेवी तथा बालमनोविज्ञ नियुक्ति गरिने छ उक्त प्रक्रिया, योग्यता,काम, कर्तव्य र अधिकार तथा सेवा शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।
- बालबालिकाकालाई तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपुर्ति प्रदान गर्ने काम समेतका लागि बाल कोष स्थापना गरिने छ ।
- एक विद्यालयमा एक परामर्शदाताको व्यवस्था गरिने छ ।

**उपलब्धी तथा नतिजा**

- गाउँपालिका तथा सबै वडाहरुमा बाल अधिकार समिति गठन भई परिचालित हुने ।
- बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक नीति निर्माण तर्जुमा हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय बाल अधिकार कार्यान्वयन रणनीति तयार | | | | | | | | |
| २ | बाल कोष स्थापना | | | | | | | | |
| ३ | वडामा बाल अधिकार समिति गठन | | | | | | | | |
| ४ | बाल अधिकार समितिको बैठक | | | | | | | | |
| ५ | बाल क्लव दर्ता तथा परिचालन कार्यविधि निर्माण | | | | | | | | |
| ६ | बाल भेला | | | | | | | | |
| ७ | बाल क्लव गठन तथा परिचालन | | | | | | | | |
| ८ | क्षमता विकास तालिम | | | | | | | | |
| ९ | बालबालिकाको अवस्था सहितको स्थिति पत्र तयार तथा प्रकाशन | | | | | | | | |
| १० | बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि कार्ययोजना तयार गर्ने | | | | | | | | |

## परिच्छेद : ६ लगानी तथा स्रोत व्यवस्थापनः

कुनै पनि योजना सफल कार्यान्वयन गर्नका लागि आर्थिक स्रोतको आवश्यकता पर्दछ र उक्त स्रोत पहिचान गरी परिचालन गर्नुपर्दछ अनि मात्र योजनाको सफल कार्यान्वयन हुन्छ । यो योजना कार्यान्वयन गर्नका लागि कति बजेट मानव स्रोत अनि सामुदायिक लागत अनुमान गरी रकम आवश्यकता पर्ने र जनसमुदायको सहभागीता सहयोग अनि श्रमदान मार्फत गर्न सकिने कार्यक्रमको पहिचान तथा प्राथमिकरण गरिने छ । त्यसैगरी यो योजना कार्यान्वयन गर्नका लागि प्रदेश र संघ सरकार र निजी क्षेत्र विकास साझेदारको सहभागीताको पहिचान गरी साझेदारका क्षेत्र तय गरिने छ । यो ५ वर्षे योजना कार्यान्वयनका लागि रु.......... रकम आवश्यकता पर्ने अनुमान गरिएको छ, जुन विस्तृत रुपमा तल उल्लेख गरिएको छ ।

| क्रसं. | शीर्षक कार्यक्रम | आर्थिक वर्ष | | | | | | बजेट स्रोत | | संघिय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | जम्मा आवश्यक बजेट | स्थानीय | प्रदेश | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## परिच्छेदः ७ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

कार्यक्रम कार्यान्यनको समय तथा त्यस पश्चात अनुगमन तथा मूल्याङकन गर्नु जरुरी छ । शैक्षिक कार्यक्रमहरुको स्रोत साधानको विनियोजित तथा खर्च सही ठाउँ तथा प्रतिफल दिने खालको छ कि छैन भनी अनुगमन तथा मुल्याङकन गर्न जरुरी छ । यसले कार्यक्रमहरुको वर्तमान अवस्था र प्रगतिको स्थितिको बारेमा जानकारी दिन्छ । अनुगमन तथा मुल्याङकनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामूखी, जवाबदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछ ।

**उद्देश्यहरु :**

- गुरुयोजना कार्यान्वियनका लागि स्रोत साधानको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु ।
- अनुगमन तथा मूल्याङकनलाई नतिजामुखी बनाउनु ।
- नयाँ योजना तथा कार्यान्वियन कार्यक्रम तय गर्न सिकाई प्रणाली बिकास गर्नु ।

**रणनिति :**

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङकन गर्ने प्रणालीको व्यवस्था लागु गरी गुरु योजनाको अनुगमन तथा मूल्याङकन गरिने छ ।
- गाउँपालिका रहेका बाल अधिकार समितिले गुरुयोजना कार्यान्वियन अनुगमन तथा मूल्याङकन समितिको जिम्मेवारी प्रदान गरिने छ ।
- बालबालिका तथा किशोरीकिशोरी सम्बन्धि आवश्यक सुचना तथ्याङक प्रणाली स्थापना तथा थप सुदृढीकरण गरी आवश्यक सूचक सहित कार्यान्वियन गरिने छ ।
- बाल अधिकार समितिको मातहतमा रहने गरी बाल अधिकार अनुगमन तथा मुल्याङकन समिति गठन गरिने छ ।

- यो गुरुयोजना कार्यान्वियनको अवस्थाको अनुगमन तथा मुल्याङकनका लागि वडा समितिले अनुगमन मुल्याङकन गरी प्रतिबेदन तयार गर्ने छ ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समितिले अनुगन मुल्याङकन गरी प्रतिबेदन तयार गर्ने छ ।
- यो गुरुयोजनाको कार्यान्वयनको प्रभावकारीता अध्ययन- तथा प्रतिबेदन प्रकाशित गरिनेछ । यसका लागि पालिका स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी परिचालन गरिने छ ।

**अनुसुचीहरु**

गाउँपालिका तथा सम्बद्ध सरोकारवालाहरुको भूमिका तथा जिम्मेवारी

| निकाय | भूमिका |
|---|---|
| गाउँ सभा | गुरुयोजना कार्यान्वियनका लागि बजेट बिनियोजन गर्ने । |
| कार्यपालिका | गुरुयोजना कार्यान्वियनका लागि नितिगत निर्णयहरु गरी कार्यान्वयन गर्न सहज बनाउने । |
| न्यायिक समिति | गुरुयोजना कार्यान्वियनमा गर्दा आई पर्ने समस्याहरको न्यायिक निरुपन गर्ने । |
| शिक्षा युवा तथा खेलकुद शाखा | गुरुयोजना कार्यान्वियनका लागि आफ्नो शाखा अर्न्तगतका कार्यक्रमहरु बनाई कार्यान्वियन गर्ने र प्रत्येक बर्ष प्रगतिको समिक्षा गर्दै जाने । |
| स्वास्थ्य शाखा | गुरुयोजना कार्यान्वियनका लागि आफ्नो शाखा अर्न्तगतका कार्यक्रमहरु बनाई कार्यान्वियन गर्ने र प्रत्येक बर्ष प्रगतिको समिक्षा गर्दै जाने । |
| कृषि शाखा | गुरुयोजना कार्यान्वियनका लागि आफ्नो शाखा अर्न्तगतका कार्यक्रमहरु बनाई कार्यान्वियन गर्ने र प्रत्येक बर्ष प्रगतिको समिक्षा गर्दै जाने । |
| पशु शाखा | गुरुयोजना कार्यान्वियनका लागि आफ्नो शाखा अर्न्तगतका कार्यक्रमहरु बनाई कार्यान्वियन गर्ने र प्रत्येक बर्ष प्रगतिको समिक्षा गर्दै जाने । |
| महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | गुरुयोजना कार्यान्वियनका लागि आफ्नो शाखा अर्न्तगतका कार्यक्रमहरु बनाई कार्यान्वियन गर्ने र प्रत्येक बर्ष प्रगतिको समिक्षा गर्दै जाने र सबै शाखाहरु तथा पालिकामा कार्यरत संघ संस्थाहरुलाई यो गुरुयोजना कार्यान्वियनका लागि समन्वय र सहकार्य गर्न पहल गर्ने । |